श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३६ सालको ऐन नं. २१

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

श्री ५ को सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वित गर्न बनेको ऐन

प्रस्तावना : श्री ५ को सरकारको अर्थसम्बन्धी प्रस्तावहरूलाई कार्यान्वित गर्न केही महसूल, कर, पोत र दस्तूर लगाउन तथा लगाई राखेकोलाई चालू राख्न र हेरफेर गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "आर्थिक ऐन, २०३६" रहेको छ ।

(२) यस ऐनको दफा २ र ३, २०३६ साल आषाढ २५ गतेदेखि र अरू दफाहरू २०३६ साल श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिनेछन् ।

२. भन्सार महसूल : आर्थिक वर्ष २०३६।३७ मा नेपाल अधिराज्यबाट विदेशमा निकासी हुने र विदेशबाट नेपाल अधिराज्यभित्र पैठारी हुने माल वस्तुहरूमा अनसूची १, २, ३, ४ र ४क. बमोजिम भन्सार महसूल लगाइने र असूल उपर गरिनेछ ।

तर–

ए. आर. वन फाराम अन्तर्गत आयात गरिने मालसामानको अन्त:शुल्क बृद्धि भएमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी श्री ५ को सरकारले सो बृद्धि भएको रकम जतिसम्म अनसूची २ मा उल्लेख भएको तेस्रो मुलुकको पैठारी भन्सार महसूल दर बढाउन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. बिक्री कर : आर्थिक वर्ष २०३६।३७ मा अनुसूची ५ बमोजिम बिक्री कर लगाइने र असूल उपर गरिनेछ ।

४. हवाई उडान कर : आर्थिक वर्ष २०३६।३७ मा आर्थिक ऐन, २०३५ बमोजिम हवाई उडान कर लगाइने र असूल उपर गरिनेछ ।

५. आयकर : आर्थिक वर्ष २०३६।३७ मा अनुसूची ६ बमोजिम आयकर लगाइने र असूल उपर गरिनेछ ।

६. घरजग्गा कर : आर्थिक वर्ष २०३६।३७ मा अनुसूची ७ बमोजिम शहरी क्षेत्रको घर जग्गामा घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

७. ठेक्का कर : आर्थिक वर्ष २०३६।३७ मा आर्थिक ऐन, २०३५ बमोजिम ठेक्का कर लगाइने र असूल उपर गरिनेछ ।

८. होटेल कर : आर्थिक वर्ष २०३६।३७ मा आर्थिक ऐन, २०३५ बमोजिम होटेल कर लगाइने र असूल उपर गरिनेछ ।

९. सवारी साधन कर : आर्थिक वर्ष २०३६।३७ मा अनुसूची ८ बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ ।

१०. ब्याज कर : आर्थिक वर्ष २०३६।३७ मा आर्थिक ऐन, २०३५ बमोजिम ब्याज कर लगाइने र असूल उपर गरिनेछ ।

११. कर्जा कर : आर्थिक वर्ष २०३६।३७ मा आर्थिक ऐन, २०३५ बमोजिम कर्जा कर लगाइने र असूल उपर गरिनेछ ।

१२. हातहतियार दस्तूर : आर्थिक वर्ष २०३६।३७ मा आर्थिक ऐन, २०३५ बमोजिम हातहतियार दस्तूर लगाइने र असूल उपर गरिनेछ ।

१३. मालपोत : आर्थिक वर्ष २०३६।३७ मा अनुसूची ९ बमोजिम मालपोत लगाइने र असूल उपर गरिनेछ ।

१४. रजिष्ट्रेशन दस्तूर : आर्थिक वर्ष २०३६।३७ मा अनुसूची १० बमोजिम रजिष्ट्रेशन दस्तूर लगाइने र असूल उपर गरिनेछ ।

१५. रोपवे कर : आर्थिक वर्ष २०३६।३७ मा आर्थिक ऐन, २०३५ बमोजिम रोपवे कर लगाइने र असूल उपर गरिनेछ ।

१६. दर घटाउन सक्ने : श्री ५ को सरकारले आवश्यकतानुसार नेपाल राजपत्रमा सूचना प्रकाशित गरी दफा २, १० र ११ मा उल्लिखित महसूल र करको दर घटाउन सक्नेछ ।

१७. कर नलाग्ने : आर्थिक वर्ष २०३६।३७ मा सवारी कर र विद्युत् महसूल (रोयल्टी) लगाइने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१

भन्सार महसूल दरबन्दी

गणतन्त्र चीनको तिब्बती क्षेत्र बाहेक अन्य मुलुकहरूमा नेपाल अधिराज्यबाट निकासी हुने माल वस्तुहरूको

भन्सार दरबन्दी

| संकेत नम्बर | माल वा वस्तुको नाम | एकाई | निकासी महसूलदर |
|---|---|---|---|
| २११–०३ | भेडा, बाख्रा, बोका, खसी, च्यांग्रा, र ऐजनका पाठा पाठीको छाला | | |
| | (क) पूर्ण प्रशोधित छाला | मो. प्र. श. | १ |
| | (ख) क्रष्ट छाला | " | ३ |
| | (ग) वेट ब्लु क्रोम टायण्ड गरेको छाला | " | १० |
| ०४६–०११ | गहुँको पीठो, गहुँको चोकर | कि. ग्रा. | रू. –।०१ |
| ०७५–०२६ | वेसार हलेदो | | |
| | (क) सुकाएको | मो. प्र. श. | १ |
| | (ख) धूलो | " | माफी |
| ०७५–०२६१ | सूठो | " | १ |
| | (क) सूठोको धूलो | " | माफी |
| ०७५–०२६२ | अदुवा हलेदो (कांचो नसुकाएको) | " | २ |
| ४१३–०६२ | चामलको ढूटोको तेल र सालसीड तेल | मो. प्र. श. | ५ |
| २६२– | सावेघाँस वाबियो (वनकस) | क्विण्टल १ के | रू. –।५० |
| २४१–०११ | बाल्ने दाउरा, बाकल र काठको धूलो समेत | " | १ के रू. २।– |
| | | | ३.७५ क्विण्टल को गाडा १ के रू. ७।५० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| २४३–०२ | नरम जातको काठ (चिरानी गरेको र रण्डा लगाएको समेत) | मो. प्र. श. | १५ |
| २४३–०३१ | कडा जातको काठ (चिरानी गरेको र रण्डा लगाएको समेत) | " | १५ |
| | (क) रेल्वे स्लिपर्स | " | १० |
| ६३२–०३ | घर बनाउने काठका मालहरू झ्याल, ढोका, चौकोश, पारक्वेटको निमित्त फिटिङ्ग, फ्लोरिङ्ग, स्ट्रीप र घरको निमित्त साइजमा काटिसकेको थामहरू | " | ५ |
| | | " | ३ |
| २७२–१४ (क) | कुरीन गार्नेट | " | ५ |
| २६२–०१ | भेडा, च्यांग्राको ऊन (धोएको वा नधोएको) | " | ५ |
| २६२–०२ | भेडा, च्यांग्राको ऊन (सफा गरिएको तथा रंग गरिएको) | " | ५ |
| २६२–०३१ | भेडा, च्यांग्राको मसिनो रौं पस्मिना | " | ५ |
| ६५१–०१ | रेशमको धागो | " | ५ |
| ६५१–०२ | ऊन र रौंको धागो | " | ५ |
| ६५१–०२१ | सबै किसिमको वर्स्टेड ऊनको धागो | " | ५ |
| ५५१–०१ | एसेंस, एसेंस पाउडर, एसेंसबाट बनेका तेलहरू, सिट्रेनोला र पामारोजा तेलहरू | " | माफी |
| ०४६–०१२ | मैदा (सूजी समेत) | किलोग्राम | माफी |

द्रष्टव्यः– उपर्युक्त अनुसूची १ मा नपरेको माल वस्तुको निकासी भन्सार महसूल आर्थिक ऐन २०३५ को अनुसूची १ बमोजिम असूल उपर गरिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–२

भन्सार महसूल दरबन्दी

नेपाल अधिराज्यभरमा पैठारी हुने माल वस्तुहरूको भन्सार महसूल दरबन्दी

| संकेत नम्बर | माल वा वस्तुको नाम | एकाई | भारतबाट (ए.आर.वन फाराम बाहेक) पैठारी भएको मालमा लाग्ने | | गणतन्त्र चीनको तिब्बत क्षेत्र बाहेक अन्य मुलुकहरूबाट पैठारी भएको मालमा लाग्ने | |
|---|---|---|---|---|---|---|
| | | | पैठारी महसूल दर | मोलमाथि लाग्ने सरचार्ज (प्रतिशतमा) | पैठारी महसूल दर | मोलमाथि लाग्ने सरचार्ज (प्रतिशतमा) |
| ४११–०२२ | सुंगुरको बोसो र अरू जीव जन्तुको तेल, बोसो र मटन टेली अन्यत्र नपरेको | मो. प्र. श. | माफी | — | माफी | — |
| ०२२–०१ | सुकाएको अथवा गाढा पारेको दूध, मलाही र वेवी फुड टिन पैक गरेको समेत | ” | ५ | — | ५ | — |
| ०४६–०११ | गहुँको पीठो र गहुँको चोकर | ” | माफी | — | माफी | — |
| ०४८–०४ | पाउरोटी, बिस्कुट, केक, पेस्ट्री, इष्ट इत्यादि बेकरीका परिकार | ” | १० | २० | १५ | २० |
| ०४८–०६ | दालमोट, पापड र खाद्यान्नबाट बनेका अरू खाद्य पदार्थ अन्यत्र नपरेको | ” | १० | — | १० | — |
| ०५१–०७८ | जिन्तान र पानमा खाने मसला | ” | ११ | — | १३ | — |
| ०७१–०२ | कफी (भुटेको र धूलो समेतको) | ” | १२ | ७ | २० | ७ |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ०७२–०३ (क) | ओभेल्टीन, बर्नभीटा र [illegible]टीन पाउडर | मो. प्र. श. | १० | — | १० | ७ |
| ०७५–०११ | गेडा मरीच | ,, | ५ | — | ५० | — |
| ०७५–०१३ | खुर्सानी (सुकेको, धूलो र बियां समेत) | ,, | माफी | — | माफी | — |
| ०७५–०२४ | जीरा, रामपत्री | ,, | ५ | — | ५० | — |
| १२२–०१ | सिगार | | | | | |
| | (क) एक सय खिल्लीको रू. २०।२५ सम्म मोल पर्ने | सय खिल्ली रू. | ६।०८ | ५५ | ६।२० | ५५ |
| | (ख) एक सय खिल्लीको रू. २०।२५ भन्दा बढी रू. ३३।७५ सम्म मोल पर्ने | ,, | १२।१५ | ५५ | १८।६३ | ५५ |
| | (ग) एक सय खिल्लीको रू. ३३।७५ भन्दा बढी मोल पर्ने | ,, | १८ | ५५ | ३१ | ५५ |
| १२२–०२१ | सिगरेट प्रति हजार खिल्ली रू. ५०।– सम्म मोल पर्ने | मो. प्र. श. | २४० | हजार खिल्ली रू. २०।– | रू. २४०।– | हजार खिल्ली रू. २०।– |
| १२२–०२२ | सिगरेट प्रति हजार खिल्ली रू. ५०।– भन्दा बढी मोल पर्ने | ,, | ३०० | रू. २५।– | ३०० | रू. २५।– |
| २६२–०४१६ | ल्याकोपोडियम पाउडर (नागबेली पाउडर) | किलोग्राम रू. | २।७५ | — | ३।१५ | — |
| २७२–०७ | खावसी बनाउने ढुङ्गाको धूलो, इमरी पाउडर, ऐना इत्यादि काट्ने हीरा समेत | मो. प्र. श. | १ | — | १ | — |
| २७२–२१ | मार्वल चीप, मार्वल डस्ट र शीपी चिप्स | किलोग्राम रू. | –।०४ | — | –।०५ | — |
| २७२–१६ | मुर्दा शंक, सितुवा र अन्य कोरा खनिज पदार्थ अन्यत्र नपरेको | — | माफी | — | माफी | — |
| ६६२–०२ | इँटाको टुक्रा र कंक्रीट र साधारण पोलेको माटो बाहेक अरू माटोबाट बनाइएको भित्ताको | | | | | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | टाइल, जमीनको टाइल, पाइप र अरू घर बनाउने मालहरू | मो. प्र. श. | ५ | — | १० | — |
| ६६३–०५१ | कारबोन, कारबोन रड र कालो शिशाको पदार्थहरू | ” | ५ | — | ६ | — |
| ३१३–०४१ (क) | मेशिनमा प्रयोग हुने मिनरल श्रायल | ” | १० | — | ३० | — |
| ५१२–६ | मोबिकोल, सोनिकोल र धातु टाल्ने कांच, पत्थर इत्यादि जोडने मसला पोटिन समेत | ” | ५ | — | ६ | — |
| ६८१–०३ | फलाम, इस्पात र फलाम इस्पातको मिश्रणको क्वायल, वायर (तार), एंगल, वीम (सतरी), ज्वाइन्ट, गर्डर, चेनल, टीज, जेड, ट्रफ फवारलिंग सबै अरू रोल्ड, फलाम वा इस्पातको विजुलीको खम्बा, फार्जड अथवा एक्सटेन्डड सेप र सेक्शन अन्यत्र नपरेको | मो. प्र. श. | ४ | — | | |
| | | मे. ट. रू. | | — | ६७।५० | — |
| ६६४–०४ | झ्यालको ऐना वा ऐनाको चादर (शीट ग्लास र प्लेट ग्लास) | मो. प्र. श. | १२ | ५ | ३० | ५ |
| ६६५–०९९ | कांचबाट बनेका मालहरू अन्यत्र नपरेको टेवुल-को सामान समेत | ” | २० | — | ३५ | — |
| ६९९–२९ (क) | (क) धातुबाट बनेको अन्यत्र नपरेको ठूलो आकारका सामानहरू (लिफ्ट इलिभेटर आदि) | ” | १३ | | १५ | — |

मुद्रण विभाग, सिंहदरबार
अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (ख) धातुबाट बनेको ... त्र नपरेको तयारी साना आकारका सामानहरू (सांचोको रिंग, खिप, हुक, सिगरेट केश आदि) | मो. प्र. श. | ११ | — | १३ | — |
| | (ग) धातुबाट बनेका माल अन्यत्र नपरेको कच्चा पदार्थको रूपमा प्रयोग हुने अर्ध तयारी वस्तु (जस्तै सोफाको स्प्रिङ) | ,, | १० | — | १५ | — |
| ६२१–०१२ | रबरको लेटक्स, फाम, स्पन्ज | ,, | १२ | ५ | ५० | ५ |
| ६२९–०११ | रबरको टायर ट्यूवहरू (मोटर, मोटरसाइकल, वस, ट्रक, आदिको) | ,, | ४० | — | ५० | — |
| ६२९–११ (क) | रबरको टायर ट्यूवहरू (साइकल र रिक्साको मात्र) | ,, | ५ | — | ७ | — |
| ६२९–११ (ख) | रबरको टायर ट्यूवहरू जनावरले तान्ने गाडीको लागि विशेष रूपले बनाइएको (ट्रली र ठेला गाडीको समेत) | ,, | १२ | ५ | १५ | ५ |
| ६२९–०२२ | केटाकेटीको निमित्त दूधदानी, दूधदानीको मुन्टो र चुसने (सुथर) | ,, | माफी | — | माफी | — |
| ६२९–०९१ | पोलिथिन पाइप, सिट, चादर | ,, | ५ | — | ५ | — |
| ६५३–०५२ | नाइलन, टेरीलिन, डेक्रोन, पोलिस्टर, भिष्कोष, सुटिङ्ग पेण्ट आदि यस्तै कपडा | ,, | १० | — | ८५ | — |
| ६५३–०१ | रेशमी कपडा र रेशमबाट बनेको मखमल | ,, | १० | — | ७५ | — |
| ६५३–०२ | ऊनी कपडा, भायला र यस्तै कपडा | मो. प्र. श. | १० | — | ७५ | — |
| ६५३–०३ | सन, लिनेन, पाट र हेम्पबाट बनेका कपडाहरू | ,, | १० | — | ६० | — |

मुद्रण विभाग, सिंहदरबार

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६५३–०५ | आर्टशिल्क (फाइबरबाट बनेको) र कांचको धागोबाट बनेको कपडाहरू, रेन पिस गुडस् | मो. प्र. श. | १० | — | ५५ | — |
| ६५६–०४ | टेबुल पोस, न्यापकिन, टावेल र गमछा | ” | ५ | — | २० | — |
| ८४१– (क) | गंजी, मोजा, पन्जा, गलवन्दी, टीशर्ट, स्वेटर आदि सूती | ” | ५ | — | ३५ | — |
| ५५१–०१ | एसेंस, एसेंस पाउडर, ऐसेंसबाट बनेका तेलहरू र सिट्रेनोला र पामारोजा तेलहरू | ” | १० | — | ५० | — |
| ५५१–०२१ | नक्कली खुशबु, हेयर क्रीम, हेयर आयल, आयलक्रीम | ” | ५ | — | ३० | — |
| ५५२–०१२ | पाउडर, फा, मलम, स्नो, लोसन, सेभलोसन, हेयर स्प्रे, क्रीम, श्रृंगार बक्स, भेसलिन, पमेड, स्याम्पु, लिपिष्टिक, नेल पालिस, गाजल, बिन्दी, आइब्रो पेन्सिल, सुरमा, खिजाव, यूडिकोलिन, लेक्टोकालामाइन आदि | ” | १० | — | ६० | — |
| ५५२–०२४ | साबुन लुगा धुने | ” | १० | — | २० | — |
| ५४१–०११ (क) | भिटामिनका वस्तुहरू, भाइनोना, भाइनोला, विनकार्नेस र यस्तै अरू ताकत दिने औषधिहरू-मा २० प्रतिशत भन्दा बढी अल्कोहल भएकोमा | ” | १० | — | १५ | — |
| ५४१–०११ (ख) | भिटामिन "सी" | ” | ५ | — | १० | — |
| ५४१–०२३ | एण्टी बायटिक्स (टेट्रासाइक्लिन, एम्पीसिलिन, पेनसिलिन आदि) | ” | ५ | — | ६ | — |
| ५४१–०६ (क) | सल्फा ड्रग्स (एका) | ” | ५ | — | ८ | — |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५४१–०६ (ख) | कफ सिरफ एनालजेसिक र एण्टीप्यारासिटिक्स जस्तो औषधिहरू | मो. प्र. श. | ५ | – | ८ | – |
| ५४१–०६ (ग) | एण्टी टचूवरकूलर | ” | माफी | – | माफी | – |
| ५४१–०१५ (क) | सेनेटरी पैड | ” | ५ | – | १० | – |
| ५४१–०६१ | एक्सरे काममा चाहिने नखिचिएको फिल्म र केमिकल | ” | १ | – | १ | – |
| ६४१–०१६ | सेलोफेन पेपर र कागजको बोर्ड (कार्डबोर्ड) अन्यत्र नपरेको बाक्स समेत | ” | २० | – | ३० | – |
| ६४१–०१२ | टवाइलेट पेपर र नेपकिन पेपर, फेस टिस्यू पेपर | ” | ५ | – | १५ | – |
| ६४२– (क) | ट्रेसिङ पेपर र ड्राइङ्ग पेपर | ” | १ | – | १ | – |
| ७१२–०६ | खेतिपातीको निमित्त र जनावरको निमित्त आहारा काट्ने मेशिन आदि अन्यत्र नपरेको | ” | १ | – | १ | – |
| ७१३–०६ | ट्रयाक्टर र पावर टिलर कृषि कामको लागि मात्र | ” | १० | – | १० | – |
| ७१३–०६ (क) | ऐ का पार्टपूर्जा (टायर टचूब समेत) | ” | १० | – | १० | – |
| ७१३–०२ | ट्रयाक्टर | | | | | |
| | (क) ५० हर्स पावर र सो भन्दा कम तान्ने शक्तिको | ” | १० | – | १० | – |
| | (ख) ५० हर्सपावरभन्दा बढी तान्ने शक्तिको | ” | १० | – | १५ | – |
| ७१४–०१ | टाइप राईटर, ऐ. का पार्टपूर्जा | ” | १५ | – | १५ | – |
| ७१४–०२ | हिसाब बही खाता राख्ने र गणना गर्ने मेशीन, कम्प्यूटर, डाटा प्रोसेसिंग मेशीन, केश रजिष्टर, डुप्लिकेटिंग मेशीन, फोटो कपि गर्ने मेशीन, करेन्सी मेलिडेटर, नम्बरिङ्ग मेशीन, फ्रेंकिंग मेशीन, अफिसमा प्रयोग गर्ने अरू मेशीन र पार्टपूर्जा | ” | ४० | – | ५० | – |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७१५-०१ | धातुमा काम गर्ने कलको ज्यावल वा मेशीन टूल, ड्रिलिङ्ग मेशीन (सम्याउने, प्वाल पार्ने र चिप्लाउने समेत) | मो. प्र. श. | १ | – | १ | – |
| ७१६-०३ | ग्रोसार्ने, उचाल्ने, खन्ने, बाटो बनाउने कंक्रीट मिसाउने, भाइब्रेटर र खानीमा काम, गर्ने हेभीमेशीन | " | १ | – | १ | – |
| ७२१-०१२ | बिजुलीको कनभर्टर, स्वीज गेयर, अल्टनेटर र ब्याट्री चार्जर | " | १ | १० | १ | १० |
| ७२१-०२ | (क) ड्राइ ब्याट्री (टर्च र रेडियोको समेत) | " | ५ | – | २५ | – |
| ७२१-०२१ | स्टोरेज ब्याट्रीका सामान, कन्टेनर कभर, ब्याट्री सेपरेटर र प्लेट | " | ५ | १० | २० | १० |
| ७२१-०४१ | रेडियो, ट्रान्जिस्टर रेडियो, रेडियोग्राम, माइक्रोफोन, एम्पिलिफायर, डिक्टाफोन आदि (लाउडस्पीकर जडेको वा नजडेको) र वाकीतकी | " | ७५ | – | ६० | – |
| ७२१-०४१ | (क) टेप रेकर्डर, रेकर्डप्लेयर, स्टेरियो भिडिओ सेट, टेलिभिजन र भिडिओका पार्टहरू | " | १०० | – | ११० | – |
| ७२१-०५ | टेलिग्राम सेट, टेलिफोन सेट र ऐका पार्टपूर्जाहरू | मो. प्र. श. | ५ | १० | ५ | १० |
| ७२१-०६ | बिजुलीको घरायसी माल, हिटर, कुकर, टोस्टर, सेभर, स्त्री, भाइब्रेटर, ग्राइण्डर, मिक्सचरर आदि | " | २५ | – | ३० | – |
| | (क) बिजुलीले चल्ने वाटर पम्प (घरायसी प्रयोगको) | " | २५ | – | ३० | – |
| | (ख) भ्याकुम क्लिनर, लु[illegible]ने मेशीन, लुगा सुकाउने मेशीन र ऐका पार्टस समेत | " | ५० | – | ६० | – |

४२५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७२१–०६१ | टर्चलाइट, पेन टर्च समेत (ब्याटरी बाहेक) इमर्जेन्सी लाईट | " | ५ | – | २० | – |
| ७३२–०१ | (क) मोटरकार (वाइगन कार समेत) १००० सी. सी. र सो भन्दा कम सी. सी. को | मो. प्र. श. वा प्रतिगाडी | ६० | – | ६० | – |
| | | न्यूनतम रू. जुन बढी हुन्छ | ६,०००।– | १५ | ६,०००।– | १५ |
| | (ख) १००१ सी. सी. देखि १३०० सी. सी. सम्मको | मो. प्र. श. वा प्रतिगाडी | १२५ | – | १२५ | – |
| | | न्यूनतम रू. जुन बढी हुन्छ | ६,०००।– | २५ | ६,०००।– | २५ |
| | (ग) ऐ. १३०१ सी. सी. देखि २००० सी. सी. सम्मको | मो. प्र. श. वा प्रतिगाडी | १६० | – | १६० | – |
| | | न्यूनतम रू. जुन बढी हुन्छ | १०,०००।– | २५ | १०,०००।– | २५ |
| | (घ) ऐ. २००१ सी. सी. देखि २९०० सी. सी. सम्मको | मो. प्र. श. वा प्रतिगाडी | २०० | – | २०० | – |
| | | न्यनतम रू. जुन बढी हुन्छ | १६,०००।– | ३० | १६,०००।– | ३० |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (ङ) ऐ.२६०१ सी.सी. देखि बढी सी.सी. को | मो. प्र. श. | २४० | – | २४० | – |
| | | वा प्रति गाडी | | | | |
| | | न्यूनतम रू. | २६,०००।– | ३० | २६,०००।– | ३० |
| | | जुन बढी हुन्छ | | | | |
| ७३२–०५ | मोटरको पार्टपूर्जा (टायर, ट्यूब, इन्जीन र चेसिस बाहेक) | मो. प्र. श. | १० | – | २० | – |
| ७३२–०५ | (क) सबै किसिमको बल बेयरिंग | ” | १० | – | ४० | – |
| ७३२–०३ | (क) मोटर साइकल र मोटर भएका सबै किसिमका साइकल, ओटो साइकल, स्कूटर, ओटोरिक्सा र अरू तीन पांग्रे सवारीहरू | ” | ३५ | – | ३५ | – |
| ७३२–०७ | मोटर साइकलका पार्ट पूर्जा | ” | १० | – | २० | – |

द्रष्टव्यः–

(क) पर्यटकहरूले कार्नेमा ल्याएको गाडी वा मोटर साइकलमा ६ महीनासम्म अस्थायी पैठारी महसूल लाग्ने छैन र सो अवधिभित्र फिर्ता लैजानु पर्नेछ। एकै कार्ने अन्तर्गतको सवारी ६ महीनाभित्रै पटक पटक ल्याउने लैजाने गरेमा पनि पहिलो पल्ट प्रवेश गरेको मितिले ६ महीना गन्ती गरिने छ।

(ङ) कार्ने नभएको गाडी (मोटर कार, स्टेशन वाइगन, ल्याण्ड रोभर, जीप, बस) तथा मोटर साइकल (स्कूटर) १५ दिनसम्म कुनै महसूल नतिरी नेपाल अधिराज्यमा राख्न पाइने छ। त्यसपछि २ महीना १५ दिनसम्म प्रत्येक दिन रू. १०।– अस्थायी पैठारी महसूल लिइने छ। एक पटक अस्थायी पैठारी गरी फिर्ता लगेको अवस्थामा फिर्ता लगेको १५ दिन नपुगी सोही सवारी पुनः पैठारी गर्न ल्याएमा पनि प्रतिदिन रू. १०।– अस्थायी पैठारी महसूल तिरी पुनः २ महीना १५ दिनसम्म राख्न दिन सकिनेछ। उक्त अवधिभित्र फिर्ता नलगेमा दरबन्दी बमोजिमको भंसार महसूल र सरचार्ज असूल उपर गरिनेछ। तर तीन पांग्रे सवारीको साधनमा अस्थायी पैठारी महसूल प्रतिदिन रू. १।– लाग्ने

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८१२–०४ | चिम सहित वा रहित ला, पेट्रोमेक्स, सबै किसिमको बत्ती र बत्ती सम्बन्धित सामान (बिजुली र बिजुलीका सामान बाहेक) | मो. प्र. श. | ५ | – | ६ | – |
| ८६२–०१ | (क) फोटो कपिङ्ग मेशीनमा प्रयोग गर्ने कागज | ,, | १० | – | १५ | – |
| ८६५–०१ | पेपर वेट, कलिंगवेल, पंचिङ्ग मेशीन, स्टेपलर र स्टेपलरका पिनहरू | ,, | २० | – | २५ | – |

द्रष्टव्य:– उपर्युक्त अनुसूची २ मा नपरेको माल वस्तुको पैंठारी भन्सार महसूल तथा सरचार्ज आर्थिक ऐन, २०३५ को अनुसूची २ बमोजिम असूल उपर गरिनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–३

भन्सार महसूल दरबन्दी

नेपाल अधिराज्यबाट गणतन्त्र चीनको तिब्बत क्षेत्रमा निकासी हुने र सो क्षेत्रबाट नेपाल अधिराज्यमा पैठारी हुने माल वस्तुको भन्सार महसूल र सरचार्ज आर्थिक ऐन, २०३५ को अनुसूची ३ बमोजिम असूल उपर गरिनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–४

भन्सार महसूल दरबन्दी

ए. आर. वन फाराममा लाग्ने सरचार्ज

निम्नलिखित माल भारतबाट ए. आर. वन फारामद्वारा पैठारी भएमा सो फाराममा जनिएको परिमाण अथवा मूल्य वा बिल मूल्य जुन बढी हुन्छ सोमा निम्नलिखित दरले सरचार्ज लाग्नेछ।

| क्रम संख्या | माल वा वस्तुको नाम | एकाई | सरचार्ज |
|---|---|---|---|
| २ | नाइलन, टेरेलिन, डेक्रन कपडा | मो. प्र. श. | ४ |
| ६ | अरू सबै किसिमको कपडाको तयारी माल अन्यत्र नपरेको (टाई, स्कार्फ, रूमाल आदि समेत) | ,, | ३ |
| २१ | शृंगारका सामान | ,, | २ |
| ३३ | मोटर साइकल, स्कूटर | ,, | २० |
| ४६ | भिटामिन सी, एण्टिवायोटिक्स, सल्फाड्रग्स, एनालजेसिक र एण्टिपायराटिक्स, जस्ता औषधिहरू | ,, | ४ |

द्रष्टव्यः– उपर्युक्त अनुसूची ४ मा नपरेको माल वा वस्तुको पैठारी सरचार्ज "आर्थिक ऐन, २०३५" को अनुसूची ४ बमोजिम असूल उपर गरिनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची–४ (क)

## भन्सार महसूल दरबन्दी

भारतको वण्डेड स्टक (भारतीय अन्तः शुल्क वा कर नलागेको) बाट नेपाल अधिराज्यमा पैठारी हुने माल वस्तुको भन्सार महसूल र सरचार्ज आर्थिक ऐन, २०३५ को अनुसूची ४ (क) बमोजिम असूल उपर गरिनेछ।

मुद्रण विभाग, सिंहदरबार
अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

842

## अनुसूची–५

### बिक्री करको दरबन्दी

बिक्री कर लाग्ने मालसामान उत्पादन गर्ने कारखानाबाट बिक्री गरेको अवस्थामा र विदेशबाट पैठारी हुनेमा भन्सार महसूल असूल गरिने अवस्थामा आर्थिक ऐन, २०३५ को अनुसूची ५ बमोजिम बिक्री कर लगाइने र असूल उपर गरिनेछ ।

तर देहायका ग्रामीण तथा घरेलु उद्योगहरूको निमित्त आयात गरिने कच्चा पदार्थहरू र ती उद्योगहरूले उत्पादन गर्ने तैयारी मालसामानमा बिक्रीकर लाग्ने छैन:—

१. धातुका मूर्ति तथा कलात्मक वस्तुहरू बनाउने ।
२. ढलोटका भांडा वर्तन बनाउने (स्टेनलेस स्टीलको बाहेक) ।
३. काठ कुँदेर कलात्मक वस्तु बनाउने ।
४. बेत, बांस तथा छ्वालीको कलात्मक वस्तु तथा फर्निचर बनाउने ।
५. ऊनी गलैंचा तथा चकटी बनाउने ।
६. ढाका कपडा बुन्ने ।
७. मकुण्डो (मास्क) बनाउने ।
८. माटो, ढुङ्गा, सिंगमरमर, हाड तथा सिंगका कलात्मक वस्तु उत्पादन गर्ने ।
९. पुतली बनाउने (प्लाष्टिकका बाहेक) ।
१०. ठांका तथा कलात्मक चित्र बनाउने ।
११. कार्चोभ भर्ने ।
१२. हाते कागज बनाउने (परम्परागत नेपाली कागज उद्योग) ।
१३. हाते तान वा पावरलुमबाट सूति कपडा बुन्ने ।
१४. राष्ट्रिय टोपी उद्योग ।
१५. राडी तथा पाखी बुन्ने ।
१६. चटाई तथा गुन्द्री उद्योग ।
१७. कपडाका चट्टि तथा जुत्ता बनाउने ।
१८. कलात्मक नेपाली छाता बनाउने ।
१९. छालाका जुत्ता तथा कलात्मक वस्तु बनाउने ।
२०. ऊनी तथा सूती धागो कताई गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. चक तथा चकको धूलो बनाउने ।

२२. जाम, जेली तथा मार्मलेड ।

२३. अचार तथा अमिलो पदार्थ बनाउने (टिन तथा बोतल बन्दी) ।

२४. शैक्षिक सामग्री जस्तै स्टेशनरी, कलम, मसी आदि बनाउने ।

२५. स्लेट उत्पादन गर्ने ।

२६. फलफूल प्रशोधन (टिन वा बोतल बन्दी) ।

२७. हाते तान बनाउने ।

२८. राष्ट्रिय झलक दिने किसिमका प्रचारका सामग्री उत्पादन गर्ने ।

२९. विद्य ्वा अन्य इन्धन शक्ति प्रयोग नगरी टफि, पिपरमेण्ट तथा बिस्कुट उत्पादन गर्ने उद्योग ।

३०. विद्युत वा अन्य इन्धन शक्ति प्रयोग नगरी साबुन उत्पादन गर्ने उद्योग ।

३१. विद्युत् वा अन्य इन्धन शक्ति प्रयोग नगरी कृत्रिम रेशाबाट होजियरीका सामान वा पोशाक बनाउने उद्योग र

३२. श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अन्य ग्रामीण तथा घरेलु उद्योगहरू ।

मुद्रण विभाग

८८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–६
## आयकर

(क) व्यक्ति, दम्पती वा परिवारको लागि

(१) आयकर नलाग्ने हद:–

(क) व्यक्तिको लागि रू. ७,५००।–

(ख) दम्पती वा परिवारको लागि रू. १०,०००।–

(२) आयकर लाग्ने:–

| | | |
|---|---|---|
| छुट पछिको पहिलो | रू. ५,०००।– मा | ५ प्रतिशत |
| त्यसपछिको | रू. ५,०००।– मा | १० प्रतिशत |
| त्यसपछिको | रू. १०,०००।– मा | १५ प्रतिशत |
| त्यसपछिको | रू. २०,०००।– मा | २० प्रतिशत |
| त्यसपछिको | रू. २०,०००।– मा | ३० प्रतिशत |
| त्यसपछिको | रू. ३०,०००।– मा | ४० प्रतिशत |
| त्यसपछिको जतिसुकै भए पनि | | ५० प्रतिशत |

फर्म, कम्पनी, संगठित संस्था र अस्थायी बासिन्दाको लागि:–

| | | |
|---|---|---|
| पहिलो | रू. ५,०००।– मा | ५ प्रतिशत |
| त्यसपछिको | रू. ५,०००।– मा | १० प्रतिशत |
| त्यसपछिको | रू. १०,०००।– मा | १५ प्रतिशत |
| त्यसपछिको | रू. २०,०००।– मा | २० प्रतिशत |
| त्यसपछिको | रू. २०,०००।– मा | ३० प्रतिशत |
| त्यसपछिको | रू. ३०,०००।– मा | ४० प्रतिशत |
| त्यसपछिको जतिसुकै भएपनि | | ५० प्रतिशत |

द्रष्टव्य:– (१) घर जग्गा बहालबाट हुने आयलाई पनि अन्य स्रोतहरूबाट हुने आयमा समावेश गरी आयकर निर्धारण गरिनेछ ।

(२) साझेदारी फर्म, कम्पनी, संगठित संस्था र अस्थायी बासिन्दालाई छुट दिइने छैन ।

(३) व्यापारिक फर्मलाई उक्त फर्मको मालिकको बैबाहिक स्थिति अनुसार उपर्युक्त बमोजिम छुटको सीमा निर्धारण गरिनेछ ।

(४) बैङ्कको निक्षेपबाट प्राप्त ब्याजलाई करदाताको अन्य आयमा समावेश गरिने छैन ।

(५) लकडीका विदेशी ठेकेदारलाई आयकरको प्रयोजनको लागि ठेक रकमको १५ प्रतिशतका दरले खुद आय कायम गरी आयकर लगाइनेछ ।

(६) विदेशस्थित फिल्म वितरकहरूलाई निजले नेपालस्थित डिष्ट्रिब्यूटर र सिनेमा हलवालाहरूबाट खुद पाउने रकममा मात्र ४० प्रतिशतका दरले कर लगाइनेछ ।

(७) सोल्टी क्यासिनोले प्राप्त गरेको रकमको ४० प्रतिशतका दरले वा वार्षिक रू. १० लाख जुन बढी रकम हुन्छ, त्यति रोयल्टी असूल उपर गरिनेछ । साथै साविक बमोजिम क्यासिनोले तिर्नु पर्ने आयकर लगायत अरू करहरू प्रचलित ऐन नियम बमोजिम नै तिर्नु पर्नेछ ।

४४ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–७

### शहरी क्षेत्रको घर जग्गामा कर

| घर र त्यसको लगापात जग्गाको मोल | |
|---|---|
| पहिलो | रू. १,००,०००।– सम्म केही नलाग्ने |
| त्यसपछिको | रू. १,००,०००।– मा ०.५ प्रतिशत |
| त्यसपछिको | रू. १,००,०००।– मा १.० प्रतिशत |
| त्यसपछिको जतिसुकैमा | २.० प्रतिशत |

द्रष्टव्यः– कर निर्धारण गर्दा दम्पती (बैबाहिक सम्बन्ध कायम रहेका पति-पत्नी) वा नछुट्टिएका नाबालक छोरा, छोरी, समेतको स्वामित्वमा रहेको सम्पूर्ण घर जग्गालाई एकै एकाई मानिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–८
## सवारी साधन कर

| सवारीको किसिम | वार्षिक करको दर |
|---|---|
| १३०० सी. सी. सम्मको (कार, जीप, भ्यान) | रू. २।– प्रति १० सी. सी |
| १३०१ सी. सी देखि २००० सी. सी. सम्म " | रू. २।५० प्रति १० सी. सी. |
| २००१ सी. सी. देखि २६०० सी. सी. सम्म " | रू. ३।– प्रति १० सी. सी. |
| २६०१ सी. सी. देखि बढी सी. सी. को " | रू. ४।– प्रति १० सी. सी. |
| अटोरिक्सा (टेम्पो) | रू. १५०।– |
| मोटरसाइकल, स्कूटर १५० सी. सी. सम्म | रू. ३५।– |
| मोटरसाइकल, स्कूटर १५० सी.सी. देखि माथि | रू. ५०।– |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–६

मालपोत

(क) नापी पूरा भई जग्गाको किसिम खुलेकोमा

| जग्गाधनीको जग्गाको क्षेत्रफल (नेपाल अधिराज्यभरमा) | मालपोत दर प्रति रोपनी | | | | | | | | | | | | | | | | मालपोत दर प्रति विगाहा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | उपत्यकाको लागि | | | | पहाडको लागि | | | | | | | | | | | | तराइको लागि | | | |
| | | | | | पाखा जग्गामा | | | | अरू जग्गामा | | | | | | | | | | | |
| | अवल | दोयम | सीम | चाहार | अवल | दोयम | सीम | चाहार | अवल | दोयम | सीम | चाहार | | | | | अवल | दोयम | सीम | चाहार |
| (१) १३ रोपनी ५ आना वा १ विगाहा भन्दा बढी जतिसुकैमा | ३।८५ | ३।३० | २।६५ | २।– | १।– | –।७५ | –।५० | –।२५ | २।– | १।७५ | १।५० | १।– | | | | | ५१।– | ४४।– | ३५।– | २७।– |

(ख) नापी पूरा नभएको साविकमा किसिम खुलेको र किसिम नखुलेको जग्गामा

| (चार मुरी माटो बराबर एक रोपनी) जग्गाधनीको जग्गाको क्षेत्रफल (नेपाल अधिराज्यभरमा) | मालपोत दर प्रति माटो मुरी | | | | |
|---|---|---|---|---|---|
| | किसिम खुलेकोमा | | | | किसिम नखुलेकोमा |
| | अवल | दोयम | सीम | चाहार | |
| (१) १३ रोपनी ५ आना वा १ विघा वा त्यति भन्दा बढी भएमा | ।७५ | ।६५ | ।५५ | ।४५ | ।४५ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) हले, पाटे, कोदाले, बीजनमा मालपोतको

| जग्गाधनीले तिर्नु पर्ने मालपोत रकम (नेपाल अधिराज्यभरमा) | हले | पाटे | कोदाले | बिजन माना १ मा |
|---|---|---|---|---|
| (१) रू. २३।– भन्दा बढी जतिसुकैमा | ३।३० | १।६५ | ।८३ | ।११ |

द्रष्टव्यः–

(क) माथि प्रकरण (क) र (ख) मा उल्लेखित मालपोत दरबन्दीको दरमा अधिराज्यभर १ बिघा वा १३ रोपनी ५ आना भन्दा कम जग्गा हुने जग्गावालाहरूसंग उपर्युक्त दरको आधा मालपोत कायम गरी असूल उपर गरिनेछ। प्रकरण (ग) को सम्बन्धमा पनि रू. २३।– वा सो भन्दा कम मालपोत तिरी आएका जग्गावालाहरूसंग उल्लेखित मालपोत दरको आधा मालपोत कायम गरी असूल उपर गरिनेछ। यसरी आधा कायम गर्दा ।०१ एक पैसा भन्दा कम हुन आउने भएमा त्यसलाई छूट दिई असूल गरिनेछ।

(ख) १३ रोपनी ५ आना वा १ विगाहासम्म दिइएको छूट शहरी क्षेत्रमा लागू हुने छैन।

(ग) रोपनी तर्फ तेह्र रोपनी ५ आनाको एक विगाहा र हले, पाटे, कोदाले, तथा विजन मानाको हिसाबले र नगदीमा तिरो लागेको जग्गामा तेईस रूपैयाँ मालपोत लाग्ने जग्गालाई एक विगाहा कायम गरी असूल उपर गरिनेछ।

(घ) माथि दरबन्दीमा नपरेकोमा आर्थिक ऐन,२०२४ बमोजिमको दरमा निम्नबमोजिम गरी मालपोत लगाइने र असूल गरिने छः-

(१) जम्मा जग्गा एक विगाहा वा सो सरहसम्म आधा छूट।

(२) जम्मा जग्गा एक विगाहा वा सो सरहभन्दा बढी जतिसुकै जग्गा हुने जग्गावालालाई आर्थिक ऐन, २०२४ का दरबमोजिम।

(ङ) पञ्चायत विकास तथा जग्गा कर स्थगित गरी अघि सो कर लागू भएका जिल्लाहरूमा पनि माथि उल्लेख भए अनुसार मालपोत असूल गरिनेछ। साथै बक्यौता पञ्चायत विकास तथा जग्गा कर मालपोत कार्यालयहरूबाट विना जरीवाना २०३६ साल चैत्र मसान्तसम्म असूल गरिनेछ।

(च) आर्थिक वर्ष २०३५।३६सम्मको पालपोत र बक्यौता पनि विना जरीवाना २०३६ साल चैत्रमसान्तसम्म असूल गरिनेछ।

(छ) तराई र उपत्यकाको जिल्लाहरूको केही भाग पहाडी क्षेत्रमा परेका र ती जिल्लाहरूको त्यस्तो पहाडी भागको मालपोत दर नापी भएको पहाडी जिल्ला सरह नै हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची – १०

### रजिष्ट्रेशन दस्तूर

| बिगो अङ्क | | शहरी क्षेत्रको घरजग्गा राजीनामामा |
|---|---|---|
| १. रू. २५,०००।– सम्म– | | ७ प्रतिशत |
| २. रू. २५,०००।– देखि माथि | ५०,०००।– सम्म– | ८ प्रतिशत |
| ३. रू. ५०,००० देखि माथि | १,००,०००।– सम्म– | ९ प्रतिशत |
| ४. रू. १,००,०००।– देखि माथि | ५,००,०००।– सम्म– | १२ प्रतिशत |
| ५. रू. ५,००,००१।– देखि माथि जतिसुकैमा– | | १५ प्रतिशत |

| बिगो अङ्क | शहरी क्षेत्र बाहेक अन्य ठाउँको राजीनामामा | हालको बकस पत्र वा वा शेष पछिको बकस पत्रमा | अंश वण्डामा |
|---|---|---|---|
| ६. रू. ५००।– सम्म– | १ प्रतिशत | १ प्रतिशत | १ प्रतिशत |
| ७. रू. ५००।– देखि माथि रू. २५,०००।–सम्म | ५ प्रतिशत | ६ प्रतिशत | ६ प्रतिशत |
| ८. रू.२५,०००।–देखि माथि रू.५०,०००।– सम्म– | ६ प्रतिशत | ६ प्रतिशत | ६ प्रतिशत |
| ९. रू. ५०,०००।– देखि माथि रू. १,००,०००।– सम्म– | ७ प्रतिशत | ६ प्रतिशत | ६ प्रतिशत |
| १०. रू. १,००,०००।– देखि माथि रू. ५,००,०००।– सम्म– | १० प्रतिशत | १० प्रतिशत | ७ प्रतिशत |
| ११. रू. ५,००,०००।– देखि माथि जतिसुकैमा– | १२ प्रतिशत | १२ प्रतिशत | ८ प्रतिशत |

१२. अधिकारपत्र (मञ्जूरनामा, अख्त्यारनामामा) वा बिगो खोल्न नसकिने भएमा रू. ४००।–

१३. कार्यालयलाई घर बोलाई कागज पास गर्नेमा घर बोलाए बापतमा थप दस्तूर रू. ५००।–

१४. बिगो खोल्न नमिल्ने धर्मपुत्र राख्ने लिखतमा– रू. ५२०।–

१५. बन्धकी तमसुकमा – रू. ३ प्रतिशत

१६. उपर्युक्त बाहेक अन्यमा– रू. ६ प्रतिशत

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. लिखत पारितको कागजमा बिगो खुलाउनु पर्छ । तर धर्मपुत्र र अधिकारपत्रको लिखतमा बिगो खुलाउनु बाध्य हुनेछैन ।

१८. नेपाल औद्योगिक विकास कर्पोरेशनले औद्योगिक कर्जा दिएको कारोबारमा रजिष्ट्रेशन दस्तूर माफी गरिएको छ ।

१९. बकसपत्र र अंश वण्डाको कागज पास गर्दा शहरी वा अन्य क्षेत्र सबै ठाउँका घर जग्गामा एउटै रजिष्ट्रेशन दस्तूर लाग्नेछ ।

लालमोहर सदर मितिः– २०३६।८।५।४

आज्ञाले–
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

४२१

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

642

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।